**निर्णयहरुः**

गृह मन्त्रालय राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्र काठमाण्डौको मिति २०७४ मंसिर ०६ गतेको पत्रसंख्या ०७४/०७५ च.नं.११६/को शितलहर पूर्वतयारी सम्बन्धी बैठकको निर्णयहरु बैठकमा प्रस्तुत भई जानकारी प्राप्त भयो । सो विषयलाई मध्यनजर राखी विगतका वर्षहरुमा झै यस वर्ष पनि यस जिल्लामा सोको प्रभावलाई कम गर्न प्रभावकारी व्यवस्थापनकालागि जिल्ला स्थित जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतका बिभिन्न क्षेत्रगत अगुवा, जिल्ला अगुवा सहयोगी निकाय (DLSA) जिल्ला आपतकालिन कार्यसँचालन केन्द्र (DEOC) बिचको छलफल र समभदारी अनुसार पत्रमा उल्लेख भै आए बमोजिम निम्नानुसार गर्ने गराउने निर्णय गरियो ।

क. जिल्ला अगुवा सहयोगी निकाय र सम्पूर्ण क्षेत्रगत अगुवाहरुको उपस्थितिमा चिसो तथा शीतलहरको प्रभावबाट बच्नको लागि गृह मन्त्रालय राष्ट्रिय आपतकालिन कार्यसंचालन केन्द्रबाट प्राप्त सन्देशलाई आधार मानी जिल्लाको परिवेश अनुसार स्थानीय भाषामा समेत सन्देशहरु तयार पारी विभिन्न सञ्चार माध्यमहरुबाट प्रकाशन तथा प्रशारण गर्ने निर्यय गरियो ।

ख.चिसो तथा शीतलहरबाट बच्न सम्बन्धित स्थानीय तहहरुले स्थानीय विपद् व्यवस्थापन समिति मार्फत जिल्ला बन कार्यालयसँग समन्वय गरी ठाउँठाउँमा दाउरा बाल्ने व्यवस्था मिलाउनकोलागि स्थानिय तह र जिल्ला बन कायालयलाई जानकारी गराउने निर्णय गरियो ।

ग.चिसो तथा शित लहर व्यवस्थापनकालागि सम्पूर्ण क्षेत्रगत अगुवाहरुले सम्बद्ध सदस्यहरुसँगको समन्वयमा शितलहर व्यवस्थापन आकस्मिक योजना तयार पारी परिमार्जन तथा अन्तिम रुप प्रदान गर्न मिति २०७४ मंसिर २४ गते जिल्ला प्रशासान कार्यालय, कर्मचारी मिलन केन्द्रमा बैठक बस्ने निर्यय गरियो ।

घ.सम्पूर्ण स्थानीय तहहरुलाई विपद् जोखिम न्यूनिकरण तथा विपद व्यवस्थापन ऐन २०७४ का आधारमा स्थानीय विपद व्यवस्थापन समितिहरु गठन गरी आवद्ध पदाधिकारीहरुलाई ऐनका प्रावधान र जिम्मेवारी बारे जानकारी गराउँदै स्थानीय विपद् व्यवस्थापन समितिको क्षमता अभिवृद्धि र विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा अभिमुखिकरण कार्यक्रम सबै स्थानीय तहहरुमा संचालन गर्ने र सोको सहजिकरण र प्राविधिक सहयोगको लागी जिल्ला विपद् व्यवस्थापन समितिले जिम्मेवारी निकायहरु तोकी तत्काल परिचालन गर्ने निर्णय गरियो ।